श्री

# कन्चनपुर जिल्ला अदालत

## कन्चनपुर

फोन नं.: ०९९-५२१२८६
इमेल tahasil.dckanchanpur@supremecourt.gov.np

प.सं.:०७८/०७९
च.नं. ४८९

तहशील शाखा

मिति २०७८।०९।२८

विषयः- लिलाम सम्बन्धी सूचना वेवसाइटमा अपलोड गरिदिने सम्बन्धमा।

श्री सर्वोच्च अदालत
सूचना प्रविधि महाशाखा
रामशाहपथ, काठमाण्डौं।

प्रस्तुत विषयमा यस अदालतबाट प्रकाशित भएको जग्गा लिलाम बढाबढको सूचना पाना १(एक) यसै पत्रसाथ संलग्न गरी पठाइएको छ, प्राप्त भएपछि सम्मानित अदालतको वेबसाइटमा अपलोड गरिदिनु हुन सादर अनुरोध छ।

(महिमानसिंह विष्ट)
तहशीलदार शाखा अधिकृत
तहसिलदार
शा अ

जवाफ पठाउँदा वादी, प्रतिवादी, फाँट, मुद्दा र मुद्दा नं. अनिवार्य रुपमा उल्लेख गरी पठाई दिन हुन ।

अनुसूची-२०

(नियम ५७ को खण्ड (ञ) सँग सम्बन्धित)

## कञ्चनपुर जिल्ला अदालत

## लिलाम बढाबढको सूचना

कञ्चनपुर जिल्ला शुक्लाफाटा न.पा. वडा नं.८ फुलेली बस्ने निर्मला धामी खडायत र प्रतिवादी ऐ.ऐ. बस्ने राम बहादुर टमटा भएको लेनदेन मुद्धामा कञ्चनपुर जिल्ला अदालतको मिति २०७६।०९।१४ गतेको फैसला बमोजिम बिगो रु.१,७०,०००।-(एक लाख सत्तरी हजार), लिलामी मिति २०७८।१०।२५ सम्मको ब्याज रु.५९,३११ (उन्साठी हजार तीन सय एघार) र कोर्ट फि रु.४,९००।– (चार हजार नौ सय) समेत गरी जम्मा रु.२,३४,२११।- (दुई लाख चौंतीस हजार दुई सय एघार) बिगो वापतको रकम प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिला गर्न नल्याएको हुँदा वादीले फैसला अनुसार प्रतिवादीबाट भरिपाउने बिगो तपसील बमोजिमको सम्पत्तिबाट भराई पाउँ भनी वादीको निवेदन परी कारवाही भइ प्रतिवादीको उक्त सम्पत्ति पहिलो पटक मिति २०७८।१०।२५ गते यस अदालतमा डाँक लिलामी हुने भएकोले डाँक बढावढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

१. यस अदालतको तहसील शाखामा मिति <u>२०७८।१०।२५ गते</u> दिनको १:०० बजे देखि २:०० बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकबोल गर्न सकिनेछ ।

२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक बिदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ ।

३. कायम भएको न्युनतम पञ्चकृति मुल्यबाट डाँक बढाबढ गर्नु पर्ने छ ।

४. डाँक लिलामको बखत बोलकबोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिला गर्नुपर्नेछ। बाँकी बोलकबोल रकम डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिल गर्नु पर्नेछ ।त्यसरी सात दिन भित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशन गरिनेछ ।

५. डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराइने छ ।

६. डाँक लिलाम सम्बन्धमा बुझ्नु पर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला ।

७. डाँक लिलाम हुने सम्पत्तिको विवरण

**डाँक लिलाम हुने सम्पत्तिको विवरण :**

| सि.नं. | जग्गाधनीको नामथर | गाउँपालिका/नगरपालिका | वडा नं. | न.सिट नं. | कि.नं. | क्षेत्रफल | डाक बोल्नुपर्ने न्यूनतम अङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | गोपाल टमटा | कञ्चनपुर जिल्ला साविक झलारी गा.वि.स. | ४ | ०२०/१५५२ | ११७ | जम्मा क्षेत्रफल ९८५ व.मी. जग्गा मध्ये सो कित्ताको पुर्व तर्फ ११८.४९ व.मी. जग्गा। | रु.२,३४,२११।- (दुई लाख चौंतीस हजार दुई सय एघार) | |

इति संवत् २०७८ साल पुष महिना २७ गते रोज ३ शुभम् ------------------------------------------ ।

तहसिलदार